नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०६७।१०।६

आज मिति २०६७।१०।६ का दिन भारतीय विदेश सचिव श्री निरुपमा रावले ऊर्जा मन्त्री माननीय श्री प्रकाश शरण महतज्यूसँग ऊर्जा मन्त्रालयमा भेट गर्नु भयो । उक्त भेटका अवसरमा नेपाल र भारतबीच ऊर्जा तथा जलस्रोतको विषयमा छलफल भयो । उक्त बैठकको क्रममा मुख्यतया पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, सप्तकोशी उच्च बाँध आयोजना, गण्डक आयोजना, नेपाल-भारतबीच प्रसारण लाइन आयोजनाहरु लगायतका आयोजनाहरुको अद्यावधिक स्थिति, विद्यमान समस्या तथा निरुपण सम्बन्धी विषयमा छलफल भई आगामी दिनहरुमा द्विपक्षीय सहयोग अझ बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरियो ।

**सागर राज गौतम**
सिनियर डिभिजनल इन्जिनियर